परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ३९ २०८१ जेष्ठ ६ आइतवार Sunday 19, MAY 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराय दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कोशी प्रदेशमा दश सदस्यीय मन्त्रीमण्डल



विराटनगर। कोशी प्रदेशमा विभिन्न रस्साकसी पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) र माओवादी केन्द्र गरी दुई राजनीतिक दलबाट १० सदयस्य मन्त्रीमण्डल गठन भएको छ।

शुक्रबार नवनियुक्त मन्त्रीहरुलाई प्रदेश प्रमुख प्रशुराम खापुडले पद तथा गोपनीयताको शपथ खुवाएको थियो। विस्तारित मन्त्रीमण्डल अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय रामबहादुर मगर, भौतिक पूर्वाधार विकास मन्त्रालय गणेश उप्रेती, आन्तरिक मामिला तथा कानुन मन्त्रालय लिलाबल्लभ अधिकारी, स्वास्थ्य मन्त्रालय राजेन्द्र कार्की, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय एकराज कार्की र सामाजिक विकास मन्त्रालयको जिम्मेवारी पाँचकर्ण राईले पाएका छन्।

त्यस्तै पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी नारायण बुर्जा मगरले पाएका छन्। उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा भने मुख्यमन्त्री आफैंले राखेका छन्। राज्यमन्त्री सिर्जना राई र वन्दना झाँगडले पनि पद तथा गोपनीयताको शपथ लिएका छन्। राईलाई मुख्यमन्त्री कार्यालय र झाँगडलाई पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको छ।

कोशी प्रदेशका मुख्य मन्त्री हिक्मतकुमार कार्कीले बैशाख २७ गते पद तथा गोपनियताको शपथ लिएको थियो। कार्कीले आफ्नो

बाँकी अन्तिम पेजमा...

## लागुऔषध कारोवारीलाई गोली प्रहार गरी पक्राउ

सुनसरी। सुनसरीको रामधुनी नगरपालिका-६ ईचौल स्थितबाट लागुऔषध ओसार पसारमा संलग्न रहेका २ जनालाई गोली प्रहार गरी प्रहरीले नियन्त्रणमा लिएको छ।

घटनाको विवरण अनुसार जेष्ठ ३ गते साँझ लागुऔषध ब्राउनसुगरको ओसार पसार भइरहेको भन्ने विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वर काठमाण्डौ र इलाका प्रहरी कार्यालय पकली सुनसरीबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले रामधुनी-६ स्थितमा संकास्पद अवस्थामा रहेका सप्तकोशी नगरपालिका-५ सप्तरीका ३५ बर्षिय श्याम सुन्दर खंग र इटहरी उप-महानगरपालिका-५ सुनसरीका ४० बर्षिय श्याम प्रसाद निरौलालाई नियन्त्रणमा लिएको हो।

खंग र निरौलालाई चेक जाँच गर्दा प्रहरी माथी नै आक्रमण गरे पश्चात प्रहरीले प्रतिकार स्वरुप १ राउण्ड गोली प्रहार गर्दा खंगको पिडुँलामा लागि घाईते भएको र संलग्न दुवै जनालाई २१० ग्राम ७२० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

गोली लागी घाईते भएका खंगको सान्वी सिटी अस्पताल लविपुरमा प्रहरीको निग्रानीमा उपचार भई रहेको छ भने घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भईरहेको छ।




## नौ जनाविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता

विराटनगर। विराटनगर महानगरपालिका वडा नं. १४ का पूर्व वडा अध्यक्ष सहित नौ जना विरुद्ध पिडितको जाहेरीको आधारमा प्रहरीले नौ जना विरुद्ध डाका र ज्यान मार्ने उद्योगमा जिल्ला सरकारी वकिलको कार्यालयल मार्फत मोरङ अदालतमा बुधबार अभियोग दर्ता गरेका छन्।

अभियोग दर्ता भएकाहरुमा पूर्व वडाध्यक्ष ६५ वर्षीय बलदेव यादव, ३२ वर्षे दिपेश यादव, ३१ वर्षीय राजौ भन्ने राजेश यादव, ४६ वर्षीय उपनारयण यादव, ४२ वर्षीय शंकर यादव, ६५ वर्षीय धनपत यादव र ३४ वर्षीय जोगिलाल भन्ने योगीलाल यादव विरुद्ध मुद्दा दायर भएको छ। ४३ वर्षीय जतुवाका फुलेश्वर यादव पिडितले जाहेरी दर्ता गराएपछि पक्राउ परेका थिए।

आफ्नै परिवार भित्र भएको घटनामा चैत २९ गते विराटनगर-१४ का पूर्व वडाध्यक्ष बलदेवको योजनामा उक्त समूहले विराटनगर-१४ का ४० वर्षीय सन्तलाल यादव र सोही ठाउँका ३० वर्षीय प्रकाश यादवमाथि तरवार प्रहार गरेको पीडितको आरोप छ। तरवार प्रहारबाट सन्तलाल गम्भीर घाइते भई उपचार गराई रहेका छन्। उनको अहिले पनि विराट टिचिङ हस्पिटलमा उपचार हुँदै आएको छ।

पीडित परिवारले घटनामा संलग्न सबैलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन जाहेरी दर्ता गराएपछि प्रहरीले आलटाल गरेको भन्दै पिडित पक्षले पत्रकार सम्मेलन समेत गरको थियो। त्यस पछि प्रहरीले जाहेरी दर्तागरी एकजनालाई पक्राउ गर्न सफल भएको थियो। अन्य अपराधीहरु घरमा फेला नपरेको प्रहरीले भन्दै आएको थियो।

आक्रमणको योजना बनाएको आरोप लागेका पूर्व वडाध्यक्ष बलदेव यसअघि पनि कर्तब्य ज्यान मुद्दामा मुछिएका

बाँकी अन्तिम पेजमा...

वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरङ्गको अत्यन्त जरुरी सूचना

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो। यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

डिभिजन वन कार्यालय मोरंग



## जुत्ता चप्पल...

प्रशासन मन्त्री प्रकाश श्रेष्ठले संघीयताको अभ्यास शुरु भएको ६ वर्ष पूरा भएपनि संघ र प्रदेश सरकारबीच समन्वय हुन नसक्दा उद्योग व्यवसाय क्षेत्रको विकास र प्रवर्द्धन गर्न नसकिएको वताए ।

दक्ष जनशक्ति उत्पादन गर्न नसक्ने समस्या, नयाँ-नयाँ प्रविधिहरुको व्यवस्थापन गरी उत्पादन गर्न समस्या देखिएको वताए । उहाँले वागमती प्रदेशको उद्योग वाणिज्य मन्त्रालयले फुटवयेर क्षेत्रको विकास प्रवर्द्धन गर्नको लागि गर्नुपर्ने काम लिखित रुपमा माग गर्न आग्रह गरेका थिए । मन्त्रीले प्रदेश सरकारले बजेट व्यवस्थापन गरी समावेशी र सन्तुलित कार्यक्रम ल्याउने प्रतिवद्धता जनाएका थिए ।

## बाँतर...

जना क्षयरोगी भेटिँदा मोरङमा १ हजार २ सय ३८ जनामा क्षयरोगको संक्रमण भेटिएको समेत जानकारी गराए । झापा, मोरङ र सुनसरीमा क्षयरोगका बिरामी बढी भेटिने गरेका छन् ।

विश्वका ३० देशमा सबैभन्दा बढी क्षयरोगी भेटिएका छन् । त्यसमध्ये सबैभन्दा बढी क्षयरोगी भएको मुलुकमा नेपाल ९ औं स्थानमा पर्दछ । महानगरका जनप्रतिनिधि र विभिन्न तहका कर्मचारीहरुलाई क्षयरोगमुक्त नेपाल अभियान सम्बन्धी अभिमुखीकरणमा मेयर नागेश कोइरालाले वडास्तरदेखि नै क्षयरोगमुक्त अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा सामाजिक विकास समितिका संयोजक काजीबहादुर बस्नेत, वडा नम्बर २ का अध्यक्ष कुमार पोखरेल, ३ का वासुबहादुर बस्नेत, ५ का सन्तोष न्यौपाने, ७ का कार्यबाहक अध्यक्ष कल्याण तिम्सिना, ९ का विश्वनाथ प्रसाद भगत, १० का अर्जुन गिरी, ११ का तीर्थेन्द्र नेउपाने सहित विभिन्न शाखा र महाशाखाका प्रमुख र सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

## लागुऔषध...

उनको साथबाट प्रहरीले १४९ ग्राम लागुऔषध ब्राउनसुगर बरामद गरेको छ ।

प्रहरीको गोली लागेर घाइते भएका हरिजनको प्रहरीको निग्रानीमा मदन भण्डारी अस्पताल मंगलबारेमा उपचार भईरहेको छ भने घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## कोशी प्रदेशमा...

शपथपछि दुई मन्त्री नियुक्त गरेका थिए । उनीहरुले पनि प्रदेश प्रमुखबाट शपथ लिएका छन् । नेकपा एमालेबाट इलामका रामबहादुर मगर र नेकपा माओवादी केन्द्रबाट मोरङका गणेश उप्रेतीले विनाविभागीय मन्त्रीको रुपमा शपथ लिएका थिए ।

उक्त मन्त्री मण्डलमा एमालेका तर्फवाट मुख्यमन्त्री हिक्मतकुमार कार्कीसहित मन्त्रीहरुमा इलामका राम बहादुर मगर, झापाका एकराज कार्की, खोटाङका पाँचकर्ण राई र मोरङका लिलाबल्लभ अधिकारी मन्त्री भएका छन् । त्यसैगरी राज्यमन्त्रीमा भोजपुरकी सिर्जना राईलाई नियुक्ति भएको छ ।

यस्तै माओवादी केन्द्रबाट मन्त्रीमा मोरङका गणेशप्रसाद उप्रेती मन्त्री नियुक्त भइसकेका छन् भने माओवादीबाट थप उदयपुरका नारायण बुर्जा मगर र संखुवासभाका राजेन्द्रकुमार कार्की मन्त्री तथा झापाकी बन्दना झाँगड राज्यमन्त्री बनेकी छिन् ।

## नौ जना...

थिए । विराटनगर-१४ का ५५ वर्षीय समानन्द यादवको हत्या आरोपमा उनीसहित मोरङ प्रहरीले १० जनालाई 'कर्तव्य ज्यान मुद्दा' का प्रतिवादी बनाएको थियो । २०७७ मङ्सिर ११ गते मोरङ अदालतका तत्कालीन न्यायाधीश तेजबहादुर खड्काको इजलासले यादवलाई तीन लाख रुपैयाँ धरौटीमा छोड्न आदेश दिएका थिए । कर्तव्य ज्यान मुद्दाका प्रतिवादी रहेका यादव हत्या आरोप लागेपछि वर्षौंसम्म फरार रहेको थियो । प्रहरीको तीव्र खोजीमा रहेका यादव लामो समयदेखि भारतमा बसोबास गरेको कारणले पक्राउ परेका थिएनन् । मोरङ अदालतमा सुटुक्क उपस्थित भएकै दिन थुनछेक आदेश भयो । त्यसपछि उनी धरौटीमा छुटेका थिए ।

विवाहको विषयमा विवाद हुँदा २०७६ साल जेठ ३ गते विराटनगर महानगरपालिका-१४ का वडा अध्यक्ष यादवको घरमा बसेका पञ्चायतीले विराटनगर-१४ का ५५ वर्षीय समानन्द यादवमाथि निर्घात कुटपिट गरेको थियो । कुटपिटबाट घाइते यादवको एक महिनापछि २०७६ साल असार २६ गते मृत्यु भएको थियो । यादवका परिवारले घटनामा संलग्न भएको आरोपमा तीनजना वडा अध्यक्षसहित १० जनाविरुद्ध किटानी जाहेरी दिएका थिए ।




## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**अर्जुन गिरी (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय**

## तातो हावा 'लु' बाट जोगिनि

- *सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,*
- *निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,*
- *फलफूलको रस र पानी प्रशस्त पिउने,*
- *धेरै पसिना आएमा जीवन जल पिउने,*
- *चिसो पानीले नुहाउने,*
- *कामकाज सकभर बिहान वा बेलुका गर्ने,*
- *मदिरा सेवन नगर्ने,*
- *सकेसम्म चिया, कफी, सोडा जस्ता पिय पदार्थ नपिउने ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## पूर्वाधार विकास कार्यालय
## विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## सम्पादकीय

# विभाजनको मारमा मधेश

नेपाल चार जात छत्तीस वर्णको फूलवारी भएको भएता पनि  अधिकारको सवालमा राजले विभेदकारी नीतिका कारण यहाँ वासोवास गरेका आम जनतालाई दुई समूहमा विभाजन गरी हेर्न थाल्यो। जसमा पहाडी समुदाय र मधेशी समुदाय रहेका छन्। पहाडी समुदायलाई सवै अधिकार दिने  तर मधेसी समुदायलाई अधिकारवाट बन्चित गर्ने नितीका कारण मधेशी समुदायको अवजलाई राज्य सम्म पुऱ्याउने उदेश्यले स्वर्गिय गजेन्द्र नारायण सिंहले सदभावना पार्टी गठन गरीएको थियो ।

त्यस पछि २०६३ सालमा मधेशी जनअधिकार फोरमको नाममा उपेन्द्र यादवले संविधान जलाएर अधिकारको आन्दोलनका शुरुवात गरेको थियो। त्यो आन्दोलन मधेश जनविद्रोहका रुप लिए पनि राज्यले मधेशीका अधिकारको सवालमा केही सम्झौताहरु गरी सत्तामा सहभागी भएका पार्टी मधेशी जनअधिकार फोरम टुटफुट हुँदै अहिले ५ सिटमा उपेन्द्र यादव सिमित भएको छ। खासगरी मधेशी राजनीतिक दल फुट्नुमा नेतृत्व व्यक्ति लोभी, पापी, व्यत्तिवादी, जातीवादी हावी भएकै कारण फुटेर नयाँ दल गठन गर्छन। जसका कारण मधेशका शक्ति छिन्न भिन्न भएको छ जसको सिधामार मधेशी जनताले खेपि रहेको छ।

मधेशी जनताको अधिकारको लागि मधेशवादी दलहरु फुटेपनि कार्यगत एकता गरेर अगाडी बढ्नु पर्छ। अधिकार प्रप्ता भएपछि त्यस उपलब्धी आम जनताले समान रुपमा उपभोग गर्न पाउँनु पर्छ। मधेशीवादी दलहरुले उपलब्धी प्राप्त गरेपनि त्यसलाई परिवारवाद र जाति वाद बनाएकाले अहिले मधेशमा लोकतान्त्रिक समाजवादी पाटी, जनता समाजवादी पार्टी, सदभावना पार्टी लगायत आधा दर्जन पार्टीको नेताहरुले आ-आफ्नो गल्तीलाई स्वीकार गरी मधेशी जनताका अधिकारको लागि एक पटक फेरी एकता गरी अगाडी बड्नुका विकल्प छैन। त्यसैले एकता गरौ अगाडी बढौमा मधेशका नेतृत्वहरुले एक पटक सोच्नु पर्ने जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (**गु, गे, गो, सा, सी, सु, से, सो, द**) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# कृषि क्षेत्रको नीति तथा कार्यक्रम : सदाबहार कर्मकाण्ड

**कृष्णप्रसाद पौडेल**

सदा झैं सरकारले उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने, आयात प्रतिस्थापन र कृषि तथा खाद्य उद्यमलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिने कुरा गरेको छ।

अन्नपात, तरकारी, पशु तथा मत्स्य उत्पादनमा दुई वर्षमा आत्मनिर्भर हुने, पाँच वर्षमा फलफूलमा आत्मनिर्भर हुने, स्वदेशमै उत्पादन सम्भव भएका वस्तुको उत्पादन बढाउने र निर्यात बढाउन तुलनात्मक लाभका उपज प्रवर्धन गर्ने, स्थानीय तहमा कृषि प्राविधिकको उपलब्धता र बाँझो जमिनमा खेतीपातीलाई प्राथमिकतामा राख्ने जस्ता कुरामा जोड दिने योजनाको प्रक्षेपण गरेको छ।

यी सबै गर्न चाहिने लगानी भित्र्याउने लगानी सम्मेलनको असफलताको झोंक यो नीति तथा कार्यक्रममा 'लगानी दशक'को रूपमा व्यक्त गरिएको छ। उत्पादन देखि बजारीकरण सम्मको मार्गचित्र बनाउने र कृषिमा 'लगानी दशक' को उद्घोष गरेर निजी क्षेत्रलाई ललिपप र विश्व वैश्विक 'दलाल पूँजी'लाई स्वागत गरेको जनाउ दिएको छ। यो कृषि सपार्ने भन्दा दलाल पोस्ने अभिप्रायबाट ग्रसित छ।

सँगै कृषि इकोसिस्टमको प्रणाली विकास गरिने अमूर्त उद्घोष गरेर अतिरञ्जना र आत्मरति प्रस्तुत गरिएको छ। कृषि प्रकृतिसम्मत घरपालुवा गरिएको प्रणाली हो भन्न समेत हिच्किचाएको यो सरकार जैविक कृषिको एउटा वाक्यांश राखेर पन्छिन खोजेको छ। यसका योजनाकार यो लघुताभासबाट माथि उठ्न सकेका छैनन्। 'टालाटुली बटुली कति राम्रो पुतली' मै रमाएका नीति-निर्माताको क्षमता र दूरदृष्टि यसमा पटाक्षेप भएको छ।

भू-उपयोगको कानुनी व्यवस्था समेत हेक्का नराखेका योजनाकारले जग्गा दलालका मतियारले कृषि जमिनको सुरक्षा गर्ने नकच्चरो प्रस्ताव अघि सारेका छन्। जग्गा दलालका मतियार सावित भइसकेको सरकारको भू-उपयोगको योजना र कार्यक्रमको दुर्दशा कसबाट छिपेको छ र? किसान पहिचान र वर्गीकरण गरी यसका आधारमा सेवा तथा सुविधा पुऱ्याउने हतियार विगत दशकदेखि भुत्ते भइसकेको कसले बिर्सेको होला?

नीति तथा कार्यक्रममा सरकार, सहकारी र समुदायको सहकार्यमा जोड दिने कुरा गरिएको छ। नयाँ, पुराना पार्टी र तिनका नेताकै चलखेलमा बदनाम सहकारीको कृषि सपार्न गरिने सहकार्यको प्रस्तावमा कसको र कस्तो भरोसा होला? कि सरकारले प्रस्ताव गरेको सहकारी अर्कै ग्रहबाट भित्र्याउने हो? हैन भने यिनैको लुट र चरम शोषणको प्रतिबिम्ब बनेको सहकारी कसरी कृषि सपार्ने कर्ता होला? यसको जवाफ त सत्ताधारी र विपक्षीका सहकारी दलालले देलान् नै यो सँगै, कृषि सपार्न चकलाबन्दी खेती विस्तार गर्ने, सिंचाइ उपलब्ध गराउने कुरा सदावहार कथ्य हुन्। यिनको कथ्य रचना किसान विस्थापित गरी कृषिमा दलाल भित्र्याउने पुरानै खेलका नयाँ नियम जस्तै हुन्।

सतह सिंचाइ र भूमिगत जल उत्खनन् पाँच दशक देखिका सुगारटाइ हुन्। केही आसेपासे र ठेकेदार पोस्ने परियोजना हुन् भन्न सरकारी तथ्याङ्क नै काफी छन्। स्थानीय बालीको तथ्याङ्क राख्ने प्रविधि हस्तान्तरणका लागि सीपमूलक तालिम र प्राविधिक सहयोग, कृषि बजारको पहुँच र विस्तारदेखि नश्ल सुधार र पशु स्वास्थ्य सेवाको विस्तार लगायत योजना नयाँ बोतलका पुराना रक्सीका उखान साबित गर्न पर्याप्त छ।

कृषि पूर्वाधार र बजार, हरेक स्थानीय तहमा कृषि प्राविधिक, किसान सूचीकरण र स्थानीय तहको माग अनुसारको फलफूल तथा तरकारी विकास जोनिङ लगायतका प्रस्ताव धेरै अर्थमा बारम्बार असफल भएका कार्यक्रम हुन् जुन अझै पनि प्राथमिकताको सूचीमा देखिए। यस्ता असफल कार्यक्रमको प्रक्षेपण बारबार किन गरिन्छ? यसको चित्तबुझ्दो जवाफ त सरकारले दिंदै नै गर्ला तर यो सबैले कृषि सपार्ने भन्दा झारा टार्नेमै जोडबल गरेको भन्दा अतिशयोक्ति हुँदैन।

विवादित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र रासायनिक मल कारखाना यो नीति तथा कार्यक्रममा परेको छैन। यो सकारात्मक स्वीकारोक्ति देखिएको छ। यसले परम्परागत सोचले अघि बढ्न नसकिने कुरा स्वीकार गरेको प्रतीत हुन्छ। तर यी बदनाम भएर लुकाउने प्रयास मात्र गरिएको हो भनेर बुझ्न कुनै कठिनाइ छैन। किनकि अहिले पनि अन्य असफल कार्यक्रम प्राथमिक सूचीमै रहेका छन्।

उदाहरणका लागि, राष्ट्रपति चुरे कार्यक्रम जीवितै छ र सँगै प्रधानमन्त्री छोरी कार्यक्रम थपिएको छ। किञ्चित सरम नमानी यस्तो आलंकारिक नामकरण गरी नीति तथा कार्यक्रममा प्रस्ताव गर्नु भनेको यो पदको गरिमा घटाउने र गणतन्त्रको मर्मको उपहास गर्ने उद्दण्डता मात्र हो।

यति हुँदाहुँदै पनि, समग्र नीति तथा कार्यक्रमको चित्रमा कृषिलाई आँखा चिम्म गरेर हात्ती छामे जस्तो एकाङ्गी ढाँचामा विचार गर्दा यी कुरा उपयुक्त नै लाग्न सक्छन् तर यो प्रस्ताव कृषि बिगार्ने यथास्थितिकै प्रस्तावको निरन्तरता हो। यस्ता छेउ न टुप्पाको सोच कसरी लागू हुन्छन्? यसको प्रतिफल के आउँछ? सहजै अनुमान गर्न सकिन्छ। तर पर्खनोस्, यसको असली कुरूपता त यसपछि आउने बाँडचुँडको बजेटमा झनै स्पष्ट हुनेछ।

समग्रमा, सरकारको यो नीति र कार्यक्रमले कृषि क्षेत्र प्राथमिकतामा परेको देखाउन खोजे पनि निहित स्वार्थका लागि वैदेशिक लगानी भित्र्याएर कृषि क्षेत्र तहसनहस बनाउन नै उद्यत छ। यसअघिका कृषि विकासका नीति तथा कार्यक्रम, कार्यान्वयनमा संस्थागत असफलताको समीक्षा नगरी नयाँ शब्दजालको सदाबहार खेती गरेर यो प्रस्ताव सर्वकालीन औपचारिकतामा सीमित गरिएको छ।

अधिकांश प्रस्ताव पैसा भए कृषि उन्नत भइहाल्ने मनोरोगको शिकार भएको देखिन्छ। पैसाले मात्र खेती हुने भए अहिले पैसा फलाउन उद्यत सबै दलाल अर्थतन्त्रका मतियार यसैको खेती गर्ने

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# रंगेली नगरपालिकाका व्यापारी र किसान बीच दुई बुद्धे सम्झौता

रंगेली । रंगेली नगरपालिकाका भित्र व्यापरा व्यवसायी गरी रहेका व्यपारी र किसानहरु बीच द्धुई बुद्धे सम्झाता भएको छ ।

किसानहरुलाई व्यपारीहरुले गरेको ठगी लगायतका समस्या सम्बन्धमा नगरपालिकामा आएको ज्ञापनपत्र र मौखिक गुनासोको आधारमा रंगेली नगरपालिकाका प्रमुख दिलीप कुमार अग्रवालले नगर भरिका जिन्सी एवंम खाद्य वस्तु खरिद बिक्री कर्ता व्यपारी र समस्यामा परेका किसानहरु बीच छलफल गराई दुई बुद्धे सम्झौता बुधवार गराएको हो ।

उक्त सम्झौतामा व्यपारीले किसानको उत्पादन खरिद गर्दा सर्व प्रथम गुणस्तरीय ढक ( काटा) को प्रयोग गर्ने र समानको मूल्य उधारो वा नग्दीको लिखित भरपाई किसानलाई दिने सम्झौता गराई त्यसलाई पालन गर्न प्रमुख अग्रवालले निर्देशन समेत दिएका छन् ।

वगतको विगतको समयमा व्यपारीहरुले किसानको उत्पादन धान, मकै, गेहूँ, पटुवा (जुट), तोरी लगायतका वस्तुहरू किसानको घरमै गई किन्ने गरेको छ । किसानको खाद्य वस्तु वा जिन्सी खरिद गर्दा कहिले पनि नगद कारोवार गरेको थिएनन ।

व्यापारीले किसानको खाद्य्य र जिन्सी लगायतको बस्तु खरिद गर्दा उधारोमा खरिद गरी किसानलाई कुनै किसिमको लिखित भपाई दिने गरेका थिएनन । लिखित भर्पाइ नदिदा अधिकांश किसानहरु व्यपारीहरु वाट ठगीमा परेका थिए ।



त्यसैगरी किसानहरुले विक्री गर्न ल्याएका बस्तुहरु व्यपारीहरुले ४० किलोको सट्टा ४२ किलोलाई (एक मन) बनाएर रकम भुक्तानी दिदै आएका थिए । तौलमा समेत व्यपारीहरुले किसान लाई ठगी गरि रहेका थिए ।

केहि वर्ष यता व्यपारी हरुले डिजिटल काटाहरु प्रयोग गर्दा पनि किसानहरु लाई थाहै नहुने गरी तौलमा ४० किलोको (एक मन) बनाउनु पर्नेमा ४२-४५ किलोको (एक मन) तौल बनाइ भुक्तानी दिदा किसान ठूलो मर्कामा परेको रहस्य खुलेको थियो ।

केही व्यपारीहरुले चलन चल्तीको मुल्य भन्दा केही बढी रकम दिने प्रलोभन देखाई किसानका उत्पादहरु खरीद गरी पछि पैसाको लागि महिनौ कुदाउने, कतिको पैसा नै नदिने गरिएको थियो । धेरै किसानहरुले उत्पादन गरेका बस्तु विक्री गरेपति व्यपारीवाट भुक्तनी नपाएका किसानहरुको भनाईछ ।

किसानहरुको समस्या हरुलाई स्थानीय पत्रकार सुरेन्द्र कुमार मण्डलले रंगेलिकाका किसानहरुसंग छलफल गरी व्यपारी र किसान बीच सम्न्यव्य गरी दिन २०८० श्रावण २२ गते रंगेली नगरप्रमुख दिलीप कुमार अग्रवाल लाई ज्ञापन पत्र बुझाएको थियो । उक्त ज्ञापन पत्र बुझाउँदा दीपक ठाकुर, योगेश्वर प्रसाद मण्डल, नविन कुमार मण्डल, भगवान् चन्द यादव, धीरेन्द्र शाह, लगायतको उपस्थिति रहको थियो ।

विगत दश महिना भित्र धेरै पटक नगर प्रमुखलाई घचघच्याई रहँदा नगर प्रमुख दिलीप कुमार अग्रवालले किसानहरूको यथा स्थिति बुझेर जेष्ठ २ गते बुधबार रंगेली नगरपालिका भित्र व्यापार गर्ने व्यापारी र किसानहरुलाई बोलाई छलफल गराई व्यापारी र किसानबी सम्झौता गराएका छन् ।

सम्झौता विपरी व्यापारी वा किसानवाट गल्ती फेला परेमा नगरपालिका स्वयंले कानुनी प्रक्रियामा अगाडी बढाई कारवाही गर्ने नगर प्रमुख दिलीप कुमार अग्रवालले वताए ।

उक्त छलफलमा रंगेली नगरपालिकाका उप प्रमुख भुमा कुमारी पराजुली रंगेली व्यपार प्रबन्ध समितिका अध्यक्ष सन्तोष शाह, उपाध्यक्ष नरेश मण्डल, सचिव बैजनाथ ठाकुर, व्यपारी महेन्द्र प्रसाद शाह, कमलेश पौदार, उमेश पौदार , तीर्थानंद मंडल लगायतको उपस्थिति रहको थियो ।

किसानको तर्फवाट जागेश्वर मण्डल, निरञ्जन मण्डल, केशव कुमार मण्डल र ज्ञापनपत्र बुझाउने लगायतका व्यक्तिहरुको उपस्थिती रहेको थियो ।

# लागुऔषध गाँजा सहित चार पक्रउ

बिराटनगर । सुनसरी र मोरंगका छुट्टाछुट्टै स्थानवाट ठूलो परिणामको गाँजा सहित ४ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

घटनाको विवरण अनुसार मिनि ट्रकमा ठुलो परिमाणमा गाँजा लोड गरेर सुनसरीको देवागञ्जबाट साहेबगञ्ज तर्फ लैजादै गरेको भन्ने बिशेष सूचानाको आधारमा जेष्ठ १ गते राती इलाका प्रहरी कार्यालय साहेबगञ्जबाट खटिएको प्रहरी टोलीले देवानगञ्ज गाँउपालिका-५ मेहेता टोलको भित्री सडक खण्डबाट को. १ ख ७१२३ नम्बरको मिनि ट्रकलाई रोकेर चेकजाँच गर्ने क्रममा गाँजा सहित मानिस पक्राउ गरिएको थियो ।

उक्त ट्रकबाट ४ सय ४० किलोग्राम गाँजा बरामद भएको थियो । ट्रकबाट गाँजा बरामद भएसंगै चालक भिमफेदी नगरपालिका-१४ मकवानपुरका २५ बर्षीय चन्द्र बहादुर पाखिन, सोही ट्रकमा सवार रहेका लेटाङ नगरपालिका-६ मोरङका बल बहादुर लिम्बु र देवानगञ्ज गाउँपालिका-४ का ३० बर्षीय अरबिन्द पाललाई समेत प्रहरीले पक्राउ गरेको थियो । पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले भारतिय रुपैयाँ १ लाख ५० हजार, नेपाली रुपैयाँ ५२ हजार र ५ थान मोवायल सेट समेत बरामद गरेको थियो ।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिका-१७ आईसीपी रोडमा काँचो केरा बोकेको प्रदेश १-०२-०२ च. ६३३१ नम्बरको पिकप भेनबाट केरा सहित गाँजा अनलोड गर्दै गरेको भन्ने बिशेष सूचनाको आधारमा जेष्ठ १ गते राती इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले उक्त पिकप भेनबाट २५० किलोग्राम लागुऔषध गाँजा बरामद गरेको थियो ।

गाँजा बरामद भएसंगै चालक शहिदभुमी गाँउपालिका-३ धनकुटाका १८ बर्षीय दिवस राईलाई समेत पक्राउ गरीएको थियो । लागुऔषध गाँजा सहित पक्राउ परेका उनीहरुको सम्वन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# लागुऔषध सहित पक्राउ

विराटनगर । मोरङको रतुवामाई नगरपालिका-६ बाट लागुऔषध ओसार पसारमा संलग्न रहेका एक जना भारतिय नागरीकलाई गोली प्रहार गरी प्रहरीले नियन्त्रणमा लिएको छ ।

लागुऔषध खैरो हेरोईनको ओसार पसार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिजुवा मोरङ, लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वर काठमाण्डौ र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले भारतिय नागरीक ३४ बर्षीय भगिरथ हरिजनलाई आज दिउँसो ३ बजे मोरङको रतुवामाई नगरपालिका-६ कादुपाडाबाट नियन्त्रणमा लिएको थियो । बी आर ३८ क्यू ३८३० नम्बरको मोटरसाईकल चालक हरिजनलाई नियन्त्रणमा लिने क्रममा प्रहरी माथि नै आक्रमण गर्दा १ जना प्रहरी कर्मचारी समेत सामान्य घाईते भएकोले प्रहरीले प्रतिकार स्वरुप २ राउण्ड गोली तिघ्रामा प्रहार गरी नियन्त्रणमा लिएको थियो ।

वांकी अन्तिम पेजमा...







## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

राम पोखरेल (वडा अध्यक्ष)

विराटनगर महानगरपालिका वडा नं. ८ को कार्यालय

क्राईम अपरेशन
साप्ताहिक

# टी-टेन क्रिकेट प्रतियोगिता ज्वाला मैदानमा



विराटनगर महानगरालिका वडा नं: ६ का वडाअध्यक्ष हरिस चन्द सहनी र मकालु टेलिभिजनका कार्यकारी अधिकृत दिवस सुवेदी बीच जेष्ठ १३ गतेदेखि हुने टि टेन क्रिकेट टुर्नामेन्ट प्रत्यक्ष प्रसारण गर्न सहमतिभएको छ। सथानीय युवाहरुलाई खेलको खेत्रमा अगाडी बढाउने उदेश्यले सम्फौता गरिएको हो।

विराटनगर स्थित मकालु टेलिभिजनको सभाहलमा पत्रकार सम्मेलनको आयोजना गरेर विहीवार वडा नं: ६ का वडाअध्यक्ष सहनी र कार्यकारी अधिकृत सुवेदी बीच सम्फौता गरिएको थियो। खेलको क्षेत्रमा स्थानीय युवाहरुलाई अगाडी बढाउनका लागि स्थानीय सरकारको ध्यान केन्द्रीत भएको वडाअध्यक्ष सहनीले वताए। स्थानीय सरकारले युवाहरुलाई खेलको क्षेत्रमा अगाडी बढाउन लिएको लक्ष्यलाई सफल बनाउन सञ्चारको मध्यमबाट मकालु टेलिभिजनलले सहयोग गरेको सहनीका भनाई थियो।

जेष्ठ १३ गतेदेखि हुने टि टेन क्रिकेट टुर्नामेन्ट सफल बनाउन समाजसेवी राजनीति कर्मी र सञ्चारकर्मीहरुलाई गरेका छन्। यता मकालु टेलिभिजनका कार्यकारी अधिकृत दिवस सुवेदीले स्थानीय युवाहरुलाई क्रिकेट खेलको क्षेत्रमा उत्प्रेरणा जगाउन मकालु टेलिभिजनले सहयोग गरेको वताए।

अहिले युवाहरुमा क्रिकेट खेल प्रति निकै चासो लिएको छ, उनीहरुलाई देश विदेशमा खेलको क्षेत्रमा परिचय गराउन सवै सञ्चार माध्यमलाई सूचना प्रभावह गर्न संचारमाध्यमलाई सुवेदीले आग्रह गरेका थिए। सञ्चार माध्यमले खेलमा सहयोग पुऱ्यायो भने खेलाडीहरुलाई थप उर्जा मिलने क्रिकेट संघ कोशी प्रदेशका अध्यक्ष सर्वजित पाण्डै र वडासदस्य निर्माला कार्कीको भनाई छ।

खेलमा जम्मा ७ वटा स्थानीय टिम रहने छ, भने स्थानीय टिमले नेशनल क्रिकेट खेलाडीहरु पनि आ-आफ्ना टिममा समावेस गराउने छन्। खेल विराटगर-६ स्थित ज्वाला क्रिकेट मैदानमा हने अध्यक्ष सहनीले जानकारी गराएका थिए। यता खेलमा सहभागी हुन पाउँदा विराटनगर प्यान्थर क्रिकेट क्लवका कपतान अमन अलि हक र एन.बि.एस.सि क्रिकेट क्लबका म्यानेजर राजेश साहले खुशी व्यक्त गरेका थिए।

टि टेन क्रिकेट टुर्नामेन्ट खेलमा विराटनगर महानगर पालिका वडा नं: ६ ले ७ लाख रुपैयाँ र सहयोगी दाताहरुको सहयोग सहित अनुमानित ४० लाख रुपैयाँ खर्च हुने आयोजकले वताए।

प्रतियोगितामा प्रथम हुनेलाई ५ लाख रुपैयाँ, मेडल, प्रमाण-पत्र प्रदान गर्ने छ। भने दोस्रो हुने टिमलाई २ लाख, तेस्रो हुने टिमलाई १ लाख, सन्तावना हुने टिमलाई ५० हजाररुपैयाँ, मेडल, प्रमाण-पत्र प्रदान गर्ने छ।

# वातावरण संरक्षणको लागि शिवलिङ्ग बिरुवा रोपण

विराटनगर। बाशुकिनाथ मन्दिर विराटनगर र जिल्ला प्रहरी कार्यालय मोरङ्ग परिसरमा जलवायु परिवर्तन र वतावरण संरक्षणको लागि शिवलिङ्ग बिरुवा रापिएका छन।

नेपाल सोनार समाज फाउण्डेसनको आयोजना तथा जनकपुर वन प्राविधिक समाज र नेपाल भारत रेल यात्रु सहजीकरण समितिको सहयोगमा शिवलिङ्ग बिरुवाहरू रोपिएको हो।

वासुकी नाथ मन्दिर र जिल्ला प्रहरी कार्यालय मोरङ्ग परिसरमा विधिविधान सहित पूजा अर्चना गरी माननीय प्रदेश सांसद भीम पराजुली र जिल्ला प्रहरी कार्यालय मोरङ्ग प्रमुख प्रहरी उपरीक्षक नवराज कार्कीले अत्यन्तै दुर्लभ शिवलिङ्गको बिरुवा रोपेका हुन।

भारतको गुरु शंकराचार्यले नेपालको स्वर्गिय राजा वीरेन्द्रलाई मायाको चिनो स्वरुप दिएको एक थान शिवलिङ्ग को बिरुवा जुन स्वर्गिय राजा वीरेन्द्रले जनकपुर धाममा जानकी मन्दिर परिसरमा रोपेका थिए। सोही बिरुवाबाट जनकपुर वन प्राविधिक समाजले बिरुवा उत्पादन गरेर विभिन्न ठाउँहरूमा रोपण गर्दै आईरहेका छन्।

कार्यक्रममा नेपाल सोनार समाज फाउण्डेसन का अध्यक्ष सामाजिक अभियन्ता तथा नेपाली कांग्रेस प्रचार प्रसार विभाग सदस्य महेश साह स्वर्नाकर, जनकपुर वन प्राविधिक समाजका प्रमुख तथा वृक्ष मानव पर्यावरण अभियन्ता सुरेश शर्मा, नेपाल भारत रेल यात्री सहजीकरन समिति भारतरेल यात्री सहजीकरण समिति का पदाधिकारी, सुस्मिता ठाकुर, पवन साह, किरण राय, विकाश मंडल लगायत दर्जनौ विशिष्ठ व्यक्तित्व हरूको उपस्थिति रहेको थियो।

# विद्यार्थीलाई छात्रवृति प्रदान

विराटनगर। राउण्ट टेवल नेपालले गरिब तथा विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।

राउण्ट टेवल नेपाल एरिया-२ ले शुक्रबार विराटनगरमा आयोजना गरेको कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले छात्रवृत्तिको चेक हस्तान्तरण गरेका थिए।

सबै बालबालिकालाई शिक्षित बनाउने राउण्ट टेवलको अभियान अन्तर्गत एरिया-२ अन्तर्गत विराटनगरका दुईवटा विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको एरिया संयोजक विवेक राठीले जानकारी गराएका थिए।

सगरमाथा शिक्षादीप सेकेण्डरी स्कुलमा अध्ययन गर्ने विद्यार्थीका लागि १ लाख ४० हजार र होलीप्याण्ड सेकेण्डरी स्कुलमा अध्ययन रत विद्यार्थी का लागि ७० हजार रुपैयाँको चेक मेयर कोइरालाले विद्यालय मा अध्ययनरत विद्यार्थीका अभिभावकलाई चेक हस्तान्तरण गरिएको थियो।

राउण्ट टेवल नेपालले देशभर हरेक वर्ष १ हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। विगत ३ वर्षदेखि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको प्रोजेक्ट संयोजक गौरव दुगडले वताए।

एरिया-२ मा ७ वटा राउण्ट टेवल छन्। जसमा विराटनगरमा ५, धरान र विर्तामोडमा १-१ वटा राउण्ट टेवल क्रियाशील रहेका छन्। राउण्ट टेवल नेपालले एरिया-२ मा २ सय ५० जना विद्यार्थीलाई हरेक वर्ष छात्रवृत्ति प्रदान गर्दै आएको छ।

# जुत्ता चप्पललाई बजारीकरण र निर्यातका वातावरण बनाउन सरकारसँग माग

विराटनगर। जुत्ता चप्पल उत्पादक उद्योगी व्यवसायी हरुले नेपाली उत्पादित जुत्ता चप्पल बजारीकरण र निर्यातको सहज वातावरण बनाउन सरकारसँग माग गरेका छन्

बिहीबार जुत्ता चप्पल उत्पादक उद्योगी व्यवसायीहरु ले वागमती प्रदेश सरकारसँग यस्तो माग गरेका हुन्। व्यवसायीहरुले स्वदेशी नेपाली जुत्ता चप्पल उत्पादनमा मुलुक आत्मनिर्भर रहेको भन्दै विदेश निर्यातको लागि संघ र प्रदेश सरकारले उचित वातावरण बनाउन आवश्यक रहेको उल्लेख गरेका थिए।

उद्योगीहरुले नेपाली जुत्ता चप्पल उद्योगीहरुले कच्चा पदार्थ, बजारीकरण, निर्यातका लागि गुणस्तरका विषयमा समस्या रहेको भन्दै सरकारले नेपाली उत्पादनको प्रोत्साहन र प्रवर्द्धन गरी निर्यातको लागि सहजिकरण गर्न माग माग गरेको थियो।

उनीहरुले बजारीकरणको लागि संघ, प्रदेश र स्थानीय निकायहरुका कर्मचारीहरुले प्रयोग गर्ने जुत्ता स्वदेशी उत्पादन अनिवार्य बनाउने गरी नीति बनाउन पनि माग गरेका थिए। फुटवेयर म्यानुफ्याक्चर्स एशोसिएशन अफ नेपालका अध्यक्ष रुद्र न्यौपाने नेपाली उत्पादन जुत्ता बिक्रीवितरण, उत्पादन गर्ने दक्ष जनशक्ति, नेपाली ब्राण्डिङ जुत्तालाई गुणस्तरिय छ भनेर चिनाउने काममा बागमती प्रदेश सरकारले सहयोग गर्न माग गर्नु भएका थियो।

उहाँले सरकारको प्रतिवद्धताले राष्ट्रियता र आत्मियता बढाउने र व्यवसायीको आत्मवल उच्च हुने दाबी गरेका थिए। सरकारले सहज वातावरण बनाउँदा मात्रै उत्पादन वृद्धि हुने अवस्था रहेको जानकारी गराएको थिए। उहाँले सरकारले सरकारी कार्यालय का कर्मचारीहरुले प्रयोग गर्ने जुत्ताहरु नेपाली उत्पादन लगाउनु पर्ने नीति नियम ल्याउन आवश्यक रहेको वताउँदै त्यसको शुरुवात वागमती प्रदेश सरकारबाट गर्न माग माग गरेका थिए।

फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएशन अफ नेपालका वरिष्ठ उपाध्यक्ष सुरज वन्जाडेले विभिन्न समस्याका बीचमा ९ करोड फुटवयेरको माग रहेको वताए। उहाँले १५ सय उद्योगबाट उत्पादन भएका वस्तुहरु धेरै निर्यात गर्नसक्ने सम्भावना हुँदाहुँदै पनि साँघुरिएर बस्न बाध्य रहेको वताए।

कार्यक्रममा वागमती प्रदेश सरकारका उद्योग, वाणिज्य र
वांकी अन्तिम पेजमा...

## डढेलोबाट बचौं र बचाऔं।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील बस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसंग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

हरिनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# महानगर क्षेत्रभित्र १ सय ९१ क्षयरोगका बिरामी




विराटनगर । विराटनगर महानगरपालिका क्षेत्रभित्र १ सय ९१ जना क्षयरोगका बिरामी फेला परेका छन् ।

विराटनगर महानगर पालिकाको जनस्वास्थ्य महा शाखाले शुक्रबार आयोजना गरेको कार्यक्रममा प्रस्तुत गरिएको तथ्यांकअनुसार विराटनगरको वडा नम्बर १ बाहेक सबै वडामा क्षयरोगका बिरामी भेटिएको देखाइएको छ । तथ्यांक प्रस्तुत गर्दै जनस्वास्थ्य निर्देशनालयका अधिकृत तुलसीप्रसाद गुरागाईंले क्षयरोगको अवस्था विश्वमै भयावह बन्दै गएको वताए ।

नेपालमा हरेक दिन ४४ जनाको क्षयरोगकै कारण मृत्यु हुने गरेको दाबी गर्दै क्षयरोगका कारण १६ हजार जनाले ज्यान गुमाउने गरेका छन् । विराटनगरमा १ सय ९१

वांकी अन्तिम पेजमा...

## कृषि क्षेत्रको...

थिए । तर विगतका अनुभवले पैसाले मात्र कृषि उन्नति नहुने बरु यो बिचौलियाका हातमा पुगेर सधैंका लागि पलायन हुने तितो अनुभव छ ।

आरोप जस्तो सुनिए पनि, यसो भन्न यस नीति तथा कार्यक्रममा यथेष्ट प्रमाण छन् । यो नीति तथा कार्यक्रमले आजको नेपालको कृषिको सन्दर्भ, समस्या, चुनौती र सुधारका लागि उपयुक्त प्रस्तावमा प्रष्ट ढाँचा प्रस्तुत गर्न सकेको छैन । सरकारले ल्याएका सुधारात्मक देखिने प्रस्ताव पनि उधारो बाचामा मात्र सीमित छन् । खासगरी उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने कृषिको मार्गचित्र र प्रस्तावित कृषि इकोसिस्टम ढाँचा विकास गर्ने कार्ययोजना अमूर्त छ ।

मुलुकको संकटग्रस्त कृषि क्षेत्रका मुख्य समस्याहरू खासगरी, किसान पलायन, माटो तथा पानी पुनर्भरण र पुन: उत्पादन गर्ने जस्ता महत्वपूर्ण सवाललाई सम्बोधन गर्न त परै जाओस् यो नीति तथा कार्यक्रम यी समस्यालाई आत्मसात् समेत गर्न सकेको छैन । यी सवाल सम्बोधन गर्न कुनै हिसाबले उन्मुख नहुनुले अहिलेकै कृषिलाई टालटुल पार्ने तथा यसलाई थप निर्यातमुखी र व्यापारिक बनाउने कुरामा नै जोडबल गर्न खोजेको स्पष्ट देखिन्छ । यो कृषि कर्मका नाममा पैसा फलाउने वैश्विक दलालको पक्षपोषण गर्ने निहित स्वार्थमा सरकार डुबेको भन्नुपर्ने हुन्छ ।

यी सबै केलाउँदा नीति तथा कार्यक्रमले कृषि सपार्ने खासै नयाँ प्रस्ताव गरेको छैन । यसले कृषि सपारेर हाम्रो उन्नत भविष्य बनाउने आश पालेका लाखौं किसानलाई सदा झैं निराशा बाहेक केही दिँदैन । हामी अरू एक वर्ष खेर फाल्ने शर्तमा पर्खिनुपर्ने अवस्थामा पुगेका छौं ।

हुनत यो सरकारको नीति तथा कार्यक्रमको प्रस्ताव भएकोले संसद्मा यसबारे थप चिन्तन-मनन् होला भन्ने अपेक्षा राख्न सकिन्छ । मूल रूपमा, अहिलेकै असफल कृषिको निरन्तरताको प्रस्ताव आउनुले खेतीपातीको प्रयोजन मै स्पष्टता नभएको यो सरकारको कृषि क्षेत्रको समग्र उन्नतिको आधार खोज्ने भन्दा झारा टार्ने मनोवृत्ति देखिन्छ । सरकार टिकाउने लालची स्वभावले ग्रस्त नयाँ-पुराना भ्रष्टबाट योभन्दा अरू अपेक्षा नै मूर्खतापूर्ण हुनेछ । समग्रमा एकाध प्रस्तावमा कृषि बिग्रेको र किसान पलायन भएको यथार्थ स्वीकार गरिएको भए पनि यो समग्रमा सदाबहार ढोंग भन्दा माथि उठ्न सकेको छैन ।

खानाका लागि खेतीपाती का आधारभूत सवाल बेवास्ता गरेर गरिएको नीति तथा कार्यक्रमको घोषणाले हाम्रो कृषि उन्नतिको ढोका खोल्न सघाउँदैन । पलायन हुँदै गएको कृषि क्षेत्रलाई उत्थान गर्ने दीर्घकालीन सोच यो नीति तथा कार्यक्रमको प्रस्तुतिमा कतै देखिंदैन । कृषि दशक र कृषि इकोसिस्टम प्रणाली विकास गर्ने कुरा गरेर सरकार दाता रिझाउन सफल भएको आत्मरतिमा रमाउँदै आफैंलाई आश्वस्त पारेको भान हुन्छ । यो सरकारको लघुताभास मात्र हो ।

समग्र प्रस्तावमा मूलत: हरित क्रान्ति कृषिका मापदण्डमा आधारित नेपालको खेती प्रणाली नै समस्याको मूल कारक भएको तथ्यलाई आत्मसात् गरी यसको विकल्प खोज्नुपर्ने यथार्थबाट भागेको छ । हाम्रो परिवेशमा अनुपयुक्त यूरोप केन्द्रित हरित कृषि क्रान्ति हाम्रो कृषि क्षेत्रमा थपेका चुनौतीको सामना गर्नेबारे यो नीति तथा कार्यक्रमले कुनै चासो देखाएको छैन बरु घुमाउरो पारामा त्यसैको पदचाप पछ्याएको छ ।

यसको सीधा अर्थ के हो भने एकीकृत कृषि ऐन बनाएर कृषि सपार्ने मार्गप्रशस्त गर्नुपर्ने सरकार संविधानप्रदत्त नागरिकको खाद्य अधिकारको अपमान गर्न कटिबद्ध छ । सँगै यसले जलवायुको जोखिम बढेको र खाद्य प्रणाली आयातित भएको घाम जत्तिकै छर्लङ्ग यथार्थ नदेखेको स्वाङ गरिरहेको छ ।

अन्त्यमा, यी सबै तथ्यको यथार्थपरक आकलन विनै हचुवाका भरमा बनाइने नीति, बजेट र कार्यक्रम विगतमा जस्तै बालुवामा पानी हालेसरह हुँदैन भन्ने के छ ? तसर्थ हाम्रो सन्दर्भमा खेतीपातीको मुख्य प्रयोजन र प्राथमिकता के हुन् ? खेतीपातीका हाम्रा विगतका असफलताको प्राथमिक कारण के के हुन् ?

निरन्तर ओरालो लागेको कृषि सपार्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण, संयन्त्र र संक्रमणकालीन मार्गचित्र र कार्यनीति के के हुन् ? यिनको सम्बोधनको पहल गर्ने मुख्य जिम्मेवार नेतृत्व को हो ? जस्ता सवालको सम्बोधन गर्ने स्पष्ट आधार नखोजी परम्परा धान्ने नीति र कार्यक्रमका सनातनी बिरालो बाँध्ने कर्म हुन् र यस्ता नीति तथा कार्यक्रमले नेपालको संकटग्रस्त कृषि फेरिंदैन । चेतना भया ! अनलाईन खबरबाट

# स्वास्थ्य शिविरमा साढे तीन सय बिरामीका जाँच

विराटनगर । विराटनगर महानगरपालिकाले भौतिक संरचनाको विकाससँगै स्वास्थ्य र शिक्षालाई पनि उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ ।

आमसर्वसाधारणको पहुँचसम्म स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ महानगरले हरेक वडामा नि:शुल्क रुपमा एकीकृत विशेषज्ञ स्वास्थ्य शिविर आयोजना गर्दै आएको छ ।

महानगरले बिहीबार नोवेल अस्पतालसँगको सहकार्यमा विराटनगर वडा नम्बर ४ मा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरेको थियो । सो शिविरमा ३ सय ४३ जनाले स्वास्थ्य सेवा लिएका थिए । सेवा लिएकामध्ये फिजिसियनतर्फ ७९ जना, बालरोगतर्फ १७७ जना, हाडजोर्नीतर्फ २२ जना, स्त्रीरोगतर्फ ४१ जना, छाला तथा यौनरोगतर्फ १७ जना, भिआईए जाँचतर्फ ३२ जना, भिडियो एक्स-रेतर्फ ६८ जना र ईसीजीतर्फ २५ जनाले सेवा लिएको शिविरका फोकल पर्सन भोला तिम्सिनाले जानकारी दिएका थिए ।

स्वास्थ्य शिविर महानगर पालिकाकाका मेयर नागेश कोइराला, सामाजिक विकास समितिका संयोजक काजी बहादुर बस्नेत र वडा नम्बर ४ का अध्यक्ष जितन थापाले अनुगमन समेत गरेको थियो । वडा कार्यालय छेउमा रहेको श्री आधारभूत विद्यालयमा सञ्चालित शिविरमा विद्यार्थीहरुले समेत स्वास्थ्य जाँच गराएको स्वास्थ्य महाशाखाका संयोजक दिलीप यादवले वताए ।

महानगरले विराटनगरका १९ वटै वडामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिरहेको छ ।

# साहित्यकार सम्मानित

विराटनगर । कमला-राजबहादुर कुँवर सामाजिक सेवा गुठी विराटनगरले सहित्यकार प्रमोद प्रधान सहित तिन जनालाई पुरस्कार समर्पण गरेका छन् ।

विराटनगर-स्थित आयोजित कार्यक्रममा कमला-राजबहादुर कुँवर सामाजिक सेवा गुठीले सहित्यकार प्रधानलाई साहितय पुरस्कार समर्पण गरेको हो ।

साहित्यको क्षेत्रमा योगदान पुऱ्याउनुभएकोमा प्रधानलाई नगद सहित साहित्य पुरस्कारले सम्मान गरिएको गुठीका अध्यक्ष दिनेश सुवेदीले वताए । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्राज्ञ डा. टंकप्रसाद न्यौपानेले विराटनगरका साहित्य देशलाई र अन्तर्राष्ट्रियलाई चिनाउने काम गरेको वताउए ।

त्यसैगरी कमला-राज बहादुर कुँवर खेलकुद पुरस्कार खेलाडी बुद्धि प्रधान, कमला-राजबहादुर कुँवर शिक्षा पुरस्कार डा.मनिष अग्रवाल र कमला-राजबहादुर कुँवर साहित्य पुरस्कार कवि सुशान्त थापालाई नगद सहित दोसला र कदर-पत्र सहित सममान समर्पण गरेको थियो ।

सम्मानीत हुनुहुने विशिष्ट व्यात्तीहरुलाई बरिष्ठ साहित्यकार विवस पोखरेल, आयोजक संस्थाका पुरस्कार संस्थापक विवेक कुँवर लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

भोक्राह नरसिंह गाउँपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश

